**लोक सेवा आयोग**

**नेपाल वन सेवा, हात्तीसार समुह, राजपत्र अनंकित द्वितीय श्रेणी, दरोगा पदको प्रतियोगितात्मक परीक्षाको पाठयक्रम**

१. **परीक्षा योजना** (Examination Scheme) निम्नानुसार चरणमा हुनेछ :

| चरण | परीक्षा | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|
| प्रथम | प्रयोगात्मक परीक्षा | १०० | ५० | प्रयोगात्मक | १ घण्टा |
| द्वितीय | अन्तर्वार्ता | २० | - | मौखिक | - |

२. **प्रयोगात्मक परीक्षाको योजना**

| विषय/ कार्य | परिमाण | अङ्क | समय |
|---|---|---|---|
| १. हात्ती चलाउन/हाक्न जान्ने । | हात्ती चलाउन/हाक्न आवश्यक पर्ने मुख्य स्पर्श तथा स्वर/ बोली ईशाराहरु मध्ये हात्ती दाउने कुनै १० ओटा ईशाराहरु प्रयोग गरी तोकिए अनुसार हात्ती चलाउने/ हाक्ने गर्नु पर्नेछ । | ४० | २० मिनेट |
| २. हात्तीको दानापानी बनाउने । | | १५ | ५ मिनेट |
| ३. घाँसको पहिचान/ घाँस चिन्ने । | १०, १० ओटा डाले र भुँई घाँसहरु चिन्ने । | १० | ५ मिनेट |
| ४. गद्दी र हौदा कस्ने । | | १५ | १५ मिनेट |
| ५. हात्तीको नङ काट्ने । | हात्तीको नङ काट्ने वा नङ काट्ने तरिका प्रर्दशन गर्ने । | १० | ५ मिनेट |
| ६. हात्ती नुहाउने । | | १० | १० मिनेट |

३. **अन्तर्वार्ताको पाठ्यक्रम**

- हात्ती संचालनका स्पर्श तथा स्वर, बोली, ईशाराहरु (Vocal Commands) कमाण्डहरुको ज्ञान ।
- हात्तीको दानापानी, आहारा पहिचान सम्वन्धी ज्ञान ।
- हात्तीले आहारा खाए नखाएको, विमारी र स्वास्थ्य हात्ती पहिचान गर्न सक्ने, कुची वनाउन र आहारा संकलन सम्वन्धी ज्ञान ।
- डाले घाँस संकलनका लागि रुख पहिचान र रुख चढ्न सक्ने ।
- हात्ती संचालनका स्पर्श तथा भोकल कमाण्डहरुको ज्ञान, सिप भएको ।
- हात्ती बस्ने स्थानको सरसफाई, स्नान, चरण क्षेत्रको ज्ञान ।
- मातेको हात्तीको पहिचान र नियन्त्रणका विधि सम्वन्धी ज्ञान ।
- वन्यजन्तुको सामान्य पहिचान सम्वन्धी ज्ञान ।
- वन्यजन्तु अवलोकन गर्दा अप्नाउनुपर्ने सावधानीका पक्षहरु ।
- वन्यजन्तुहरु समात्दा, स्थानान्तरण गर्दा, अनुसन्धान गर्दा अप्नाउनुपर्ने कुराहरु ।
- मातहतका कर्मचारीहरुलाई खटनपटन, व्यवस्थापन, नियन्त्रण र विदा सम्वन्धीका प्रावधानहरु ।
- सुत्केरी हात्ती र छावालाई जन्मदा जोगाउने र स्याहार सम्भार सम्वन्धी ज्ञान ।

४. **द्रष्टव्य**

- **प्रयोगात्मक परीक्षा संचालन गर्न आवश्यक पर्ने सम्पूर्ण सामग्री साधन श्रोत उपलब्ध गराउने दायित्य माग गर्ने सम्वन्धित निकायमा रहनेछ ।**
- **प्रयोगात्मक परीक्षा साधन श्रोत उपलब्ध हुने तोकिएको स्थानमा मात्र हुनेछ ।**
- प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता एकै दिन लिइनेछ । प्रयोगात्मक परीक्षा र अन्तर्वाताको प्राप्ताङ्क जोडी योग्यताक्रम अनुसार परीक्षाफल प्रकाशित गरिनेछ ।
- पाठ्यक्रम लागू मिति :- २०६९/०३/२८ गते देखि

लोक सेवा आयोग